# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## सवारी साधन(बस) खरीद गर्ने बारेको शिलवन्दी वोलपत्र पुनःआह्वानको सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०७०/९/२ )

यस बैंकको लागि बैंकले तोकेको स्पेसिफिकेशन बमोजिम देहाय अनुसारको सवारी साधन(बस) खरीद गर्नु पर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सवारी साधनको विवरण | क्षमता (सि.सि.) | सँख्या | प्रति इकाई अनुमानित लागत(रू.) |
|---|---|---|---|---|
| १ | बस (च्यासिस मात्र) | ५८०० | १ | २१,८०,०००।- (मु.अ.कर बाहेक) |

**शर्तहरू**

१. बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले उपरोक्तानुसारको सवारी साधन(बस)को लागि बोलपत्र पेश गर्न सक्नेछन् ।

२. बोलपत्र पेश गर्न चाहने फर्म/कम्पनीहरुले बोलपत्र फारामका साथ फर्म/कम्पनी दर्ता गरेको प्रमाणपत्र, व्यवसाय नविकरण गर्नु पर्ने भए सो समेत गरेको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि र आ.व.२०६८/०६९ को कर चुक्ता प्रमाण-पत्र र आ.व.२०६९/७० को सम्बन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि वा कर विवरण पेश गरेको प्रमाणित कागजात ।

३. फर्म वा कम्पनीको तर्फबाट बोलपत्र फाराम पेश गर्दा फर्मका तर्फबाट अख्तियारी दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारामसाथ जमानत वापत आफुले कवुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको नेपालगञ्ज कार्यालयको **सण्ड्री क्रेडिटर्स हिसाब २१०९९९/०११-००३-५२४** मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने बैंकबाट जारी न्यूनतम १८० दिनको मान्य अवधि भएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम यो सूचना गोरखापत्रमा दोश्रो पटक प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ४.०० बजेसम्म तोकिएको दस्तुर रू.५,०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस बैंकको नेपालगञ्ज कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालय, नेपालगञ्जबाट खरीद गर्न सकिनेछ । साथै, वोलपत्रका साथ सवारी साधन(बस)को स्पेसिफिकेशन समेत उपलब्ध गराईनेछ ।

६. दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन)को अपरान्ह १२.०० बजे भित्र वोलपत्र यस बैंकको नेपालगञ्ज कार्यालयको आन्तरीक प्रशासन फाँटमा पेश गरी सक्नु पर्नेछ । साथै, सोही दिन अपरान्ह २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभए पनि) बोलपत्र खोलिनेछ ।

७. बोलपत्रदाता कुनै सरकारी वा गैरसरकारी सँस्थाको कालो सूचीमा परेको हुनु हुँदैन । बोलपत्रदाताले आफु बोलपत्रमा भाग लिन हरतरहले योग्य भएको **स्व-घोषणा पत्र** समेत पेश गर्नु पर्नेछ ।

८. यो सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराम, सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यबस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको नेपालगञ्ज कार्यालय आन्तरीक प्रशासन फाँटमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।